नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(……………अनुमतिपत्र महाशाखा…………)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
Email: info@doed.gov.np
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्याः- ०८२/८३
चलनी नं.:- १६२८

मितिः २०८२/१२/२३

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
२०५०

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त रद्द सम्बन्धमा।

श्री पावर बैंक प्रा. लि.,
बालाजु-१६, काठमाण्डौ।
सम्पर्क नं.: ९८६०१३६६४०, ९८०३१६३४४१।

प्रस्तुत विषयमा तल्लो रिचेत खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको माग गरी तँहाबाट पेश भएको दरखास्त उपर कारबाही हुँदा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संशोधनसहित) को दफा १० को उपदफा (३) बमोजिम क्रमशः ३५, १५, र ७ दिनको समयावधि प्रदान गरी नपुग विवरण माग गर्न यस विभागबाट पटकपटक पत्राचार भएकोमा सो समयावधिभित्र समेत तँहाबाट नपुग विवरणहरू पूर्णरुपमा पेश नभएकोले उल्लिखित निर्देशिकाको दफा २९ को उपदफा १(क) बमोजिम तँहाबाट मिति २०८२/११/१४ मा पेश भएको तल्लो रिचेत खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त रद्द भएको व्यहोरा मिति २०८२/१२/२२ को विभागीय (महानिर्देशकस्तर) निर्णयानुसार जानकारी गराइन्छ। साथै उक्त दरखास्त साथ जम्मा गरेको धरौटी रकम उक्त निर्देशिकाको दफा २७(३) बमोजिम यस मितिबाट एकवर्ष भित्रै फिर्ता लिइसक्नुपर्ने व्यहोरा निर्देशानुसार जानकारी गराइन्छ।

(अनुशा अधिकारी)
इन्जिनियर